

## कालो भालुबारे केही जानकारी

**अङ्ग्रेजी नाम (English Name)**:
Himalayan Black Bear
**नेपाली नाम (Nepali Name)**: हिमाली कालो भालु
(Himali Kalo Bhalu)
**अन्य नाम (Other Name)**: Asiatic Black Bear, Moon Bear, Tibetan Black Bear
**स्थानीय नाम** : तम Tama (Gurung)
**बैज्ञानीक नाम (Scientific Name)**:
*Ursus thibetanus*

**शरीर (लम्बाई)** : १.२ मी– १.९ मी
**तौल** : ९० किलो – ११५ किलो
**आहार** : सर्वभक्षी
**जीवन पद्धती** : रातीमा सक्रिय हुने
**कति बाँच्छ ?** : १५ – २५ वर्ष
**वासस्थान** : वन जङ्गल तथा ढुङ्गाका गुफाहरु
**संरक्षण स्थिति** :
संवेदनशील प्रजाती (विश्वव्यापी)
संकटापन्न प्रजाती (राष्ट्रिय)
**फरक विशेषता** : छातीमा V आकारको सेतो चिन्ह हुन्छ

**संसारमा ८ प्रजातीका भालु पाईन्छन् । यसमध्य नेपालमा ३ प्रजातीका भालुहरु छन् । यी ३ प्रजाती मध्य हिमाली कालो भालु नेपालको मध्य पहाडी क्षेत्रमा**

### कालो भालुबारे केही रोचक तथ्यहरु

- यिनीहरु ठूला जीव भएपनि ४० कि.मी. प्रति घण्टाको गतिमा दौडन सक्छन्
- यिनीहरुमा सुन्ने र सुंघ्ने शक्ति राम्रोसँग विकसित भएको हुन्छ
- शीतनिद्राको (hibernation) समयमा यिनीहरु ७ महिना सम्म बिना खाना र बिना पानी बाँच्न सक्छन्
- सानो पञ्जाभएको कारण भालुहरु रुख चढ्न सिपालु हुन्छन्
- यिनीहरुको स्मरण शक्ती धेरै विकसित भएको हुन्छ

### खानपिनको स्वभाव (Feeding behavior)

**वसन्त** : बिरुवाका हांगा र पातहरु

**गर्मी** : झाडी र रुखका फलहरु, किरा फट्याङ्ग्राहरु

**शरद ऋतु** : साह्रो बदाम, ओखर, कटुस प्रकारका आहार र बिउहरु

यस सँगसँगै भालुहरु मासु, स–साना जीव, मह, टुसा, वाँसका हाँगामा पनि आधारित हुन्छन् ।

हिमाली कालो भालुले आफ्नो आहाराको खोजी सुंघ्ने र सुन्ने शक्तिको माध्यमबाट गर्छन् ।
यिनीहरुको देख्न सक्ने शक्ति कमजोर हुन्छ ।

**भालु शीतनिद्रामा जाने कारण जाडो नभएर जाडो मौसममा आहाराको कमीले हो ।**

# Hiamalayan Black Bear
# हिमाली कालो भालु

**“Save Himalayan Black Bear”**
**हिमाली कालो भालु संरक्षणमा हातेमालो गरौं**



Tel: 01-4287540

naturesfren@yahoo.com
www.fonnepal.org

## कालो भालुका पारिस्थितिक महत्वहरु:

- रुख बिरुवाको बिउ ओसारपसार गरी वन विस्तारमा सहयोग पुऱ्याउने
- किरा, फट्याङ्ग्रा, धमिराका सङ्ख्या नियन्त्रण गर्ने
- सुकेको रुख र ढलेको काठलाई टुक्र्याई वनलाई स्वस्थ राख्ने
- रोगी तथा घाईते साना ठुला जीवहरुको सिकार गरी संख्या नियन्त्रण गर्ने
- वन्यवन्तु पर्यटनका लागि सम्भावना बोकेको जीव

कालो भालुको संरक्षणका चुनौतीहरु:

- मानवीय कारणले भएको वासस्थानको विनास
- बाली नोक्सानको प्रतिकार स्वरुप मारिने
- शरीरका बिभिन्न अंगका लागि गैरकानुनी रुपले हुने चोरी-सिकारी

हिमाली कालो भालु संरक्षणका लागी गर्नुपर्ने कार्यहरु

- कालो भालुको वासस्थान विनाश हुने कार्य बन्द गरौं
- भालुलाई पासो नथापौं
- कालो भालुको अवैध चोरी-सिकारीलाई निरुत्स(ाहित गरौं
- हामी मानव जस्तै कालो भालुको पनि बाँच्न पाउने अधिकारको सम्मान गरौं

**कुनै क्षेत्रमा कालो भालु भए-नभएको कुरा तिनीहरुको अप्रत्यक्ष चिह्नहरुबाट थाहा पाउन सकिन्छ ।**

हिमाली कालो भालुका अप्रत्यक्ष चिन्हहरु




**भालुको वासस्थान (गुफा) जाने बाटो पत्ता लगाउनुहोस ।**




नेपालमा कालो भालु अभिलेख भएको क्षेत्रहरु




## भालुबाट बच्ने उपाय:

कालो भालु सकेसम्म मानिसहरुबाट टाढा रहन मनपराउँछन् । यद्धपि भालुसँग जम्काभेट भएमा तल उल्लेख गरिएको उपायहरु अपनाउनु होला :

- नआत्तिनु
- भालुको नजिक जान नखोज्नु
- भालुलाई जाने बाटो छोडिदिनु
- सिधै आँखा नजुधाउनु
- नदौडिनु र विस्तारै पछि सर्नु

**अवधारणा : कौशल यादव, राजु आचार्य, यादव घिमिरे, राज प्रसाई, जीवन राई**
**तस्विरहरु : कौशल यादव, यादव घिमिरे**

# हिमाली कालो भालुको आक्रमणबाट सुरक्षित रहौं !!!

हिमाली कालो भालु आफ्नै वासस्थानमा बस्न रुचाउने प्रजाति हो । वनमा खाने कुराको अभाव भए मात्र मानव बस्ती तथा खेतबारी तिर छिर्ने गर्दछ । कहिलेकाँही बाटो भुलेर पनि आउने गरेको पाइएको छ । यिनले मानिससँग जम्काभेट हुँदा आफ्नो बचाउको लागि आक्रमण गर्दछन् । यस्तो बेलामा सकेसम्म भालुलाई तर्साउने काम गर्नु हुँदैन । केही समयपछी उनीहरु आफ्नी वासस्थान तर्फ फर्केर जान्छन् ।





## कालो भालुसँग जम्काभेट भएमा के गर्ने ?

- नआत्तिने
- भालु देखिए नजिक नजाने
- भालुसँग सिधै आँखा नजुधाउने
- भालुलाई जाने बाटो छोडिदिने
- नदौडिने र बिस्तारै पछि सर्ने
- सकेसम्म समुहमा रहने तथा हिँडदा चर्को आवाज निकाल्ने

Friends of Nature FoN 2005 www.fonnepal.org

The Rufford Foundation www.rufford.org

# Save Himalayan Black Bear

## हिमाली कालो भालु संरक्षणमा हातेमालो गरौँ

### कालो भालुको संरक्षण किन गर्नें ?

- किरा तथा धमिराहरुको सङ्ख्या नियन्त्रण गर्दछ
- रुख विरुवाको बीउ फलफुल खाएर एक ठाँउबाट अर्को ठाँउ पुऱ्याउन मद्दत गर्दछ
- किरा र धमिरा खानको लागि सुकेको रुख तथा ढलेको काठहरुलाई टुक्र्याएर वनलाई स्वस्थ बनाउछ
- आहारा प्रजातिको (साना जंगली चौपाया आदि) सङ्ख्या नियन्त्रण गर्दछ
- वन्यजन्तुमा आधारित पर्यटनमा आकर्षण थप्छ

PC Yadav Ghimirey

Friends of Nature FON 2005 www.fonnepal.org

The Rufford Small Grants Foundation www.ruffordsmallgrants.org

वासस्थान विनाश, पासो थाप्ने, अवैध व्यापार आदि कारणले यिनलाई असर गरेको छ ।
नेपालको कानुनले यिनलाई मार्न वा कुनै पनि प्रकारले दु:ख दिन रोकेको छ । यसो नगरौँ ।

अवधारणाः कौशल यादव, राजु आचार्य, यादव घिमिरे, राज प्रसाई, जीवन राई